# बजार अवलोकन–१७

**बजार अवलोकन**
२०६६ भाद्र

निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम – खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि तथा सहकारी मन्त्रालय – कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ – कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## प्रमूख बुँदाहरु

- नेपालमा अहिले पनि २०६५ भाद्र महिनातिर अन्तर्राष्ट्रिय खाद्य संकटको उत्कर्षका बेला मुख्य खाद्य बस्तुहरुको मूल्य जति थियो सोही बराबर वा सो भन्दा बढी भएको पाईएको छ ।
- श्रावण/भदौको मनसुनी बर्षाका कारण सडक अवरुद्ध हुनाले धेरै हिमाली तथा पहाडी बजारहरुमा ढुवानी खर्चमा बृद्धि भएको छ । यस्ता धेरै बजारहरुमा मुख्य खाद्य बस्तुहरुको आपूर्ति अपर्याप्त हुनाको फलस्वरुप मूल्यमा पनि बृद्धि हुन गएको छ ।
- नेपालले यस वर्ष ४००,००० मेट्रिक टन बराबरको खाद्यान्न अभाव भेल्नु पर्ने अनुमान गरीएको छ । यो अभाव लगायत भारतको अन्न खेतीमा आएको कमीका कारण पनि नेपालमा पुष महिना देखि लिएर फागुन-चैत्र सम्म खाद्यान्न मूल्य बढ्ने अनुमान छ ।

## राष्ठिय रुपमा बजारको अवस्था

### मूल्य :

- नेपालमा अहिले पनि २०६५ भाद्र महिनाको अन्तराष्ट्रिय खाद्य संकटको उत्कर्षमा मुख्य खाद्य बस्तुहरुको मूल्य जति थियो सोही बरारबर वा सो भन्दा बढी भएको पाईएको छ । गत वर्ष यहि समयको** तुलनामा अहिले मुसुरोको मूल्य ३५ प्रतिशतले, मासको मूल्य २३ प्रतिशतले, गहुँको मूल्य २ प्रतिशतले बढी र मोटा चामलको मूल्य सरदर उहि रहेको पाईएको छ ।
- तरकारीको मूल्य हाल पनि अति उच्च कायम रहेको छ र कुनै-कुनै तरकारीको मूल्य गत वर्षको मूल्यको तुलनामा दुई गुना भन्दा बढी भएको पनि पाईएको छ । यो खास गरी हिउँदे खडेरी, ढिलो मनसुन र विभिन्न कारणले भएका सडक अवरोधका कारण भएको हो ।
- नेपालमा चिनीको मूल्य बढ्ने क्रम जारी छ । गत महिनाको तुलनामा हाल यसमा औसत ७ प्रतिशतले बृद्धि भएको छ । यो क्षेत्रीय तथा अन्तराष्ट्रिय आपूर्तिमा कमी आउनाले भएको हो ।

### आपूर्ती :

- भारी वर्षाले निम्त्याएको पहिरोले हिमाली तथा पहाडी भेगका धेरै बजारहरु सम्म पुग्ने सडकहरु अवरुद्ध भएका छन् । बभाङ्ग, बैतडी, डडेलधुरा, दैलेख, डोल्पा, जुम्ला, हुम्ला, मुगु, म्याग्दी र सिन्धुपाल्चोकका हिमाली तथा पहाडी भेगका बजारका व्यापारीहरुले स्थानीय बासिन्दाहरुको माग पुरा गर्नका लागि आपूर्ति अपर्याप्त भएको जनाएका छन् ।
- विभिन्न हिमाली तथा पहाडी भेगहरुमा मकै र आलुको बाली भित्र्याउने क्रम सुरु भईसकेकाले यी बस्तुहरुको आपूर्तिमा सकारात्मक प्रभाव परेको छ । यद्यपि: यी दुवै बाली सुखाका कारण र केही ठाउँहरुमा बाढीका कारण बिग्रीएका थिए ।
- श्रावण महिना देखि नेपाल दुग्ध बिकास संस्थानले दुधको खुद्रा मूल्यमा रु. २/लि. का दरले बृद्धि गरेको छ । सोहि महिनामा दुग्ध कृषकहरुले बिक्री मूल्यको अनुपातमा लाभांश कम पाएको भनी देश व्यापी रुपमा (राजमार्गहरुमा दुध पोखाएर वा बाटो बन्द गरेर) बिरोध गरेका थिए । यस सम्बन्धमा छलफल तथा सहमति भई हाल दुधको आपुर्तिमा सुधार आएको छ ।

### बजारको पुर्वानुमान

- ढिलो मनसुनी वर्षाले धानको उत्पादनमा कमी ल्याउने र बाली कटानीमा पनि उल्लेख्य रुपमा ह्रास आउने अनुमान छ । सरकारी निकायहरुका अनुसार हिउँदे खडेरी, ढिलो मनसुन, र केही क्षेत्रमा विनाशक बाढीका कारण नेपालले यस वर्ष ४००,००० मेट्रिक टन बराबरको खाद्यान्न अभाव भेल्नु पर्ने अनुमान गरिएको छ । यद्यपि: सरकारद्वारा घोषित राहत कार्यक्रमले यसलाई १८०,००० मेट्रिक टनमा भार्न सक्ने अनुमान छ ।
- नेपालको मुख्य व्यापार साभेदार भारतले पनि ढिलो र कम वर्षाको समस्या खेप्नु परेको हुनाले त्यहाँको राष्ट्रिय अन्न उत्पादन पनि १५ देखि २० प्रतिशतले घट्ने अनुमान गरिएको छ । यसले नेपाल तथा यस क्षेत्रमा धान, मकै र ऊखु जस्ता खाद्यवस्तुहरुको मूल्यमा थप दवाब पार्ने देखिन्छ ।
- नेपाली घरधुरीहरुकालागि यो दशैं विशेषत महङ्गो पर्ने दखिएको छ । कुखुरापालन व्यवसाय यस वर्षको पुर्वाधमा बर्ड फ्लूको कारण भएको नोक्सानीबाट भखैरै उक्सेको हुँदा कुखुराको मासुको मूल्य अहिलेसम्म पनि उच्च छ । वर्षभरी बर्ड फ्लूको डरले खसीको मासुको खपत बढ्नाले साथै कम आपूर्तिले गर्दा यस वर्षको दशैंमा खसीको मासुको मूल्य अभ्र बृद्धि हुने बताईएको छ ।

## अत्यधिक उतार चढाव आएका बजार/खाद्य पदार्थहरु

**मूख्य खाद्यवस्तुहरुको खुद्रा मूल्यमा अधिकतम् बृद्धि**

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| आलु (सम्पूर्ण बजार) | औसत ३०/के.जि. | -१४% | देशका धेरै भागहरुमा आलुको बाली भित्राउने काम सुरु भईसकेकाले आपूर्तिमा सकारात्मक प्रभाव परेको छ । तैपनि गत वर्षहरुको तुलनामा भने यस्को मूल्य अहिले सम्म पनि उच्च नै रहेको छ । काठमाडौमा यस्को मूल्य रु. ४०/ के.जि. सम्म पाईएको छ र म्यानमार जस्तो टाढाको मलुकबाट समेत यसको निर्यात गरिएको छ । |

**मूख्य खाद्यवस्तुहरुको खुद्रा मूल्यमा अधिकतम् कमि**

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| चिनी (सम्पूर्ण बजार) | औसत ७०/के. जि. | ७ % | घट्दो आपूर्तिका कारण क्षेत्रीय र अन्तराष्ट्रिय स्तरमा नै चिनीको मूल्य बढ्न गएको छ । |

**१२ महिनाको औसत मूल्य ***




**% मूल्यमा परिवर्तन (१ महिना/१ वर्ष)****




† श्रावण महिनाको मूल्यसँग सम्बन्धित ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी अनुसुचित गरिएको बजारहरुबाट लिइएको हो, *तर सडक मार्ग नभएको हिमाली र पहाडी बजारहरु समावेश गरिएको छैन।*
** मूल्य परिवर्तनले यस प्रतिवेदनमा देखाइएको सम्पूर्ण बजारहरुलाई समावेश गर्दछ ।

यो बजार अवलोकन विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा तयार पारीएको हो । यो मूल्य तथा बजारको बिकास क्रम बारेमा समयानुकुल सूचना र पूर्व जानकारी प्रदान गर्नकोलागि गरीएको पहल हो ।खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु (www.un.org.np) अथवा www.wfp.org/odan मा पनि उपलब्ध छन् । अन्य जानकारीकोलागि सम्पर्क : खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई, विश्व खाद्य कार्यक्रम, पाटन ढोका, ललितपुर, पो. ब. १०७, टेलिफोन : ५५४२६०७ –२४२०–५

यो परियोजना युरोपियन युनियनको सहयोगमा संचालित छ ।
यस प्रकाशनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरु प्रतिबिम्बित गर्छन् भन्ने कुनै जरुरी छैन ।

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटो चामल | ३४.० | -८.१ | -८.१ | -१५.० | ▼ | ► | ► |
| | गहुँको पिठो | २७.० | ०.० | ०.० | -२२.९ | ► | ► | ▼ |
| | भटमासकोतेल | ८७.० | ०.० | ०.० | -२९.० | ► | ► | ▼ |
| | कुखुराको मासु | २४५.० | २.१ | ६.५ | ७१.९ | ► | ► | ▲ |
| | तोरीको तेल | १०७.० | -५.३ | -१४.४ | -२०.७ | ▼ | ▼ | ▼ |
| | मास | १००.० | १९.० | १७.६ | २६.६ | ▲ | ▲ | ▲ |
| | मूसूरो | १०७.० | १०.३ | ७.० | १२.६ | ▲ | ► | ► |
| | रातो आलु | ३०.० | -९.१ | ३०.४ | ११४ | ▼ | ▲ | ▲ |
| पोखरा | मोटो चामल | ३६.० | ०.० | २.९ | २.९ | ► | ► | ► |
| | गहुँको पिठो | २८.० | ०.० | ०.० | -६.७ | ► | ► | ► |
| | भटमासकोतेल | १३०.० | ४.० | ८.३ | -७.१ | ► | ► | ► |
| | कुखुराको मासु | ३००.० | २५.० | ७.१ | ५०.० | ▲ | ► | ▲ |
| | तोरीको तेल | १५०.० | ७.१ | ७.१ | ०.० | ▲ | ► | ► |
| | मास | ९५.० | ५.६ | ५.६ | १८.८ | ▲ | ► | ▲ |
| | मूसूरो | १२५.० | २५.० | ३१.६ | ३८.९ | ▲ | ▲ | ▲ |
| | रातो आलु | ३५.० | -२.८ | ४५.८ | ७५.० | ► | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटो चामल | २४.० | ०.० | ४.३ | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | २२.० | ०.० | -८.३ | -१४.१ | ► | ► | ► |
| | भटमासकोतेल | ९५.० | ५.६ | -१०.४ | -२५.५ | ▲ | ▼ | ▼ |
| | कुखुराको मासु | २६०.० | १८.२ | ३.२ | ५४.८ | ▲ | ► | ▲ |
| | तोरीको तेल | ११८.० | -१.७ | -११.१ | -१२.६ | ► | ▼ | ► |
| | मास | ८०.० | १७.६ | १७.६ | ३५.६ | ▲ | ▲ | ▲ |
| | मूसूरो | ११०.० | १४.६ | २६.४ | ३७.५ | ▲ | ▲ | ▲ |
| | रातो आलु | २३.० | -३२.७ | -०.९ | ९३.३ | ▼ | ► | ▲ |
| विरगंज | मोटो चामल | २६.४ | - | ५.६ | -४.३ | - | ► | ► |
| | गहुँको पिठो | २४.८ | १.६ | ७.८ | २.१ | ► | ► | ► |
| | भटमासकोतेल | ८६.० | -४.४ | -२१.८ | -३२.५ | ► | ▼ | ▼ |
| | कुखुराको मासु | २२०.० | -१२.० | २२.२ | ३७.५ | ▼ | ▲ | ▲ |
| | तोरीको तेल | ११०.० | २.८ | -८.३ | -१७.० | ► | ► | ▼ |
| | मास | ७५.४ | ०.८ | १.९ | ७.७ | ► | ► | ► |
| | मूसूरो | ९९.६ | ४.८ | १३.२ | १८.१ | ► | ▲ | ▲ |
| | रातो आलु | २५.० | -३.८ | २५.० | ८५.२ | ► | ▲ | ▲ |
| नेपालगंज | मोटो चामल | २६.० | -४.२ | ४.० | १८.२ | ► | ► | ▲ |
| | गहुँको पिठो | २४.० | ४.८ | -२.० | ४१.२ | ► | ► | ▲ |
| | भटमासकोतेल | ११०.० | ०.० | -४.० | -८.३ | ► | ► | ► |
| | कुखुराको मासु | २४७.० | -१७.७ | १७.६ | ३७.२ | ▼ | ▲ | ▲ |
| | तोरीको तेल | १३५.० | ३.८ | १२.५ | १२.५ | ► | ▲ | ► |
| | मास | ८४.० | ०.६ | १२.० | २०.० | ► | ▲ | ▲ |
| | मूसूरो | १२०.० | २७.९ | ४१.२ | ७१.४ | ▲ | ▲ | ▲ |
| | रातो आलु | २१.० | -२२.२ | ५.० | १०.० | ▼ | ► | ► |
| धनगढी | मोटो चामल | २६.० | -७.१ | २२.४ | ४४.४ | ▼ | ▲ | ▲ |
| | गहुँको पिठो | २३.५ | ६.८ | १७.५ | ६.८ | ▲ | ▲ | ► |
| | भटमासकोतेल | १०५.० | १६.७ | -१२.५ | ४९.५ | ▲ | ▼ | ▲ |
| | कुखुराको मासु | २७५.० | -१.८ | ३७.५ | ३७.५ | ► | ▲ | ▲ |
| | तोरीको तेल | १२२.० | २२.० | १०.९ | ७३.७ | ▲ | ▲ | ▲ |
| | मास | १२४.० | ३७.८ | ६५.३ | २४.० | ▲ | ▲ | ▲ |
| | मूसूरो | ११०.० | १७.० | ४.८ | ९६.४ | ▲ | ► | ▲ |
| | रातो आलु | २६.० | -२५.७ | -७.१३ | ३.६ | ▼ | ► | ► |

* मूल्य तुलना प्राप्त तथ्याङ्मा आधारीत छ। गएको महिनाहरुको बजार अवलोकन समयावधी पश्चात प्राप्त तथ्याङ्कलाई पूर्व महिनाको मूल्यमा मिल्नेगरी समावेश गरीएको छ

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
► सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५% सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिन्छ।

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटो चामल | २६.० | -७.१ | ०.० | -७.१ | ▼ | ► | ► |
| | गहुँको पिठो | २५.० | १३.६ | ०.० | ४.२ | ▲ | ► | ► |
| | भटमासकोतेल | १०५.० | १०.५ | १०.० | -१८.० | ▲ | ▲ | ▼ |
| | कुखुराको मासु | २००.० | - | -९.१ | ४२.९ | - | ► | ▲ |
| | तोरीको तेल | ११५.० | ४.५ | -१७.९ | -२३.३ | ► | ▼ | ▼ |
| | मास | ११०.० | ४.८ | ३७.५ | ७१.९ | ► | ▲ | ▲ |
| | मूसूरो | ११५.० | १७.३ | २७.८ | ४३.८ | ▲ | ▲ | ▲ |
| | रातो आलु | २४.० | -४.० | २०.० | १४० | ► | ▲ | ▲ |
| **सडकको पहुंच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटो चामल | २६.० | ४.० | ४.० | -११.९ | ► | ► | ► |
| | गहुँको पिठो | २९.० | ०.० | ११.५ | -४.९ | ► | ▲ | ► |
| | भटमासकोतेल | ११०.० | ०.० | -८.३ | -२४.१ | ► | ► | ▼ |
| | कुखुराको मासु | ३००.० | - | २१.० | ८७.५ | - | ▲ | ▲ |
| | मास | ९०.० | ५.९ | ५.९ | २४.१ | ▲ | ► | ▲ |
| | मूसूरो | ११०.० | १०.० | १५.८ | ३७.५ | ▲ | ▲ | ▲ |
| | रातो आलु | - | - | - | - | - | - | - |
| रोल्पा | मोटो चामल | ३०.० | ७.१ | ११.१ | ७.१ | ▲ | ▲ | ► |
| | गहुँको पिठो | ३०.० | -९.१ | -९.१ | -१४.३ | ▼ | ► | ► |
| | भटमासकोतेल | १३०.० | -३.७ | -३.७ | -१३.३ | ► | ► | ► |
| | कुखुराको मासु | २४०.० | २०.० | २०.० | २०.० | ▲ | ▲ | ▲ |
| | मास | १००.० | ८.७ | ५.३ | ३५.१ | ▲ | ► | ▲ |
| | मूसूरो | १२०.० | २०.० | २०.० | ६२.२ | ▲ | ▲ | ▲ |
| | रातो आलु | ३०.० | ०.० | ०.० | ६६.७ | ► | ► | ▲ |
| सांफेबगर | मोटो चामल | ३०.० | ७.१ | ०.० | -२५.० | ▲ | ► | ▼ |
| | गहुँको पिठो | ५०.० | ६६.७ | ४९.३ | ५६.३ | ▲ | ▲ | ▲ |
| | भटमासकोतेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | ३००.० | - | ४२.९ | ५०.० | - | ▲ | ▲ |
| | मास | १००.० | ११.१ | १३.६ | ४२.९ | ▲ | ▲ | ▲ |
| | मूसूरो | १००.० | ०.० | ११.१ | ४२.९ | ► | ▲ | ▲ |
| | रातो आलु | ३५.० | -१२.५ | ०.० | १६.७ | ▼ | ► | ▲ |
| जुम्ला | मोटो चामल | ४७.० | ४.४ | ४.४ | ४.४ | ► | ► | ► |
| | गहुँको पिठो | ५०.० | -१६.७ | -९.१ | -९.१ | ▼ | ► | ► |
| | भटमासकोतेल | १५०.० | ०.० | ०.० | -१४.३ | ► | ► | ► |
| | कुखुराको मासु | २८०.० | ४०.० | ७.७ | ३.७ | ▲ | ► | ► |
| | मास | १००.० | ४२.९ | ४२.९ | २५.० | ▲ | ▲ | ▲ |
| | मूसूरो | ११०.० | ३७.५ | ३७.५ | ३७.५ | ▲ | ▲ | ▲ |
| | रातो आलु | ३०.० | -२५.० | ०.० | १०० | ▼ | ► | ▲ |
| | | | | | | | | |
| हुम्ला | मोटो चामल * | ३२.० | - | ०.० | -२०.० | - | ► | ▼ |
| | गहुँको पिठो | २६०.० | - | ४४.० | ८५.७ | - | ▲ | ▲ |
| | भटमासकोतेल | ३००.० | - | ०.० | ७.१ | - | ► | ► |
| | सिमी | ६५.० | - | ८.३ | ६२.५ | - | ► | ▲ |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | रातो आलु | ५०.० | - | ६६.७ | १०० | - | ▲ | ▲ |
| डोल्पा | मोटो चामल | ८०.० | - | ६.७ | ६.७ | - | ► | ► |
| | गहुँको पिठो | १००.० | - | ११.१ | ११.१ | - | ▲ | ► |
| | भटमासकोतेल | २००० | - | ०.० | ०.० | - | ► | ► |
| | सिमी | १७५.० | - | ४५.८ | ११८.८ | - | ▲ | ▲ |
| | मास | १५०.० | - | १५.४ | ७.१ | - | ▲ | ► |
| | मूसूरो | २००.० | - | १७.६ | ४२.९ | - | ▲ | ▲ |
| | रातो आलु | ४०.० | - | ०.० | ३३.३ | - | ► | ▲ |
| बाजुरा | मोटो चामल | ४०.० | - | ०.० | ३३.३ | - | ► | ▲ |
| | गहुँको पिठो | ४५.० | - | १२.५ | -१८.२ | - | ▲ | ▼ |
| | सिमी | - | - | - | - | - | - | - |
| | मास | ११०.० | - | १०.० | २२.२ | - | ► | ▲ |
| | मूसूरो | ११०.० | - | ०.० | २२.२ | - | ► | ▲ |
| | रातो आलु | २०.० | - | -५०.० | ३३.३ | - | ▼ | ▲ |

*यस प्रतिवेदनमा उल्लेख गरिएका सम्पूर्ण मल्यहरु खद्रा मल्य संग सान्दर्भिक छन् ।*

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System